नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

हुलाक सेवा विभाग

# जिल्ला हुलाक कार्यालय

## धादिङ

सूचना नं. :- ०१-०८३/०८४

**सेवा करारमा लिने सम्वन्धी सूचना।**

**(सूचना प्रकाशित मिति २०८३/०६/०५)**

जिल्ला हुलाक कार्यालय धादिङ अन्तर्गत देहायका पालिका हुलाक कार्यालयहरुमा रिक्त रहेका देहायका पदहरुमा करार सेवामा भर्ना गर्नु पर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले आजका मितिले १५ दिन भित्र आबश्यक कागजात सहित दरखास्त पेश गर्न हुनको लागि १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यस सम्वन्धी विस्तृत विवरण देहाय बमोजिम रहेको छ।

पदः- हल्कारा श्रेणीः- श्रेणीविहिन प्रथम तह

| क्र.नं. | विज्ञापन नं. | हुलाकको नाम | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०१-०८३/०८४ | हुलाक कार्यालय, धुनिवेशी नगरपालिका, खानीखोला | १ (एक) | |
| २ | ०२-०८३/०८४ | हुलाक कार्यालय, थाक्रे गाउँपालिका, महादेववेशी | १ (एक) | |
| ३ | ०३-०८३/०८४ | हुलाक कार्यालय, गल्छी गाउँपालिका, बैरेनी | २ (दुई) | |
| ४ | ०४-०८३/०८४ | हुलाक कार्यालय, गजुरी गाउँपालिका, गजुरी | १ (एक) | |
| ५ | ०५-०८३/०८४ | हुलाक कार्यालय, बेनिघाट रोराङ गाउँपालिका, विशालटार | १ (एक) | |
| ६ | ०६-०८३/०८४ | हुलाक कार्यालय, सिद्धलेक गाउँपालिका, बुङचुङ | १ (एक) | |
| ७ | ०७-०८३/०८४ | हुलाक कार्यालय, त्रिपुरासुन्दरी गाउँपालिका, सल्यानटार | १ (एक) | |
| ८ | ०८-०८३/०८४ | हुलाक कार्यालय, गंगाजमुना गाउँपालिका, फुलखर्क | १ (एक) | |
| | | जम्मा | ९ (नौ) | |

**क.आवश्यक योग्यता र प्राथमिकताका शर्तहरुः-**

१. १८ बर्ष पुरा भई ४५ बर्ष उमेर ननाघेका नेपाली नागरिक।
२. फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।
३. शैक्षिक योग्यता कक्षा ८ उतिर्ण भएको।
४. नेपाली र अंग्रेजी दुवै भाषामा लेख्न, पढ्न र कम्प्युटरमा टाईप गर्न सक्ने।
५. कम्तीमा ३ महिनाको आधारभुत कम्प्युटर तालिम लिएको।
६. दुई पाङ्ग्रे सवारी चालक अनुमती पत्र प्राप्त गरेको।
७. यस अघि हुलाक सेवासम्वन्धी कार्यअनुभव भए कम्तिमा एक बर्ष र बढीमा पाँच बर्षसम्मको मात्र अंक जोडिने छ।

**ख. गर्नुपर्ने कामको मुख्य बिवरणः-**

१. तोकिएको पालिका हुलाकमा रही हुलाक बस्तुहरु सम्बन्धित ब्यक्तिलाई बितरण गर्नु पर्ने।
२. हुलाक सेवा ऐन, नियमावली, निजामती सेवा ऐन, नियमावली र प्रचलित ऐन कानूनले निर्दिष्ट गरेका कार्यहरु गर्नु पर्ने।
३. तालुक मन्त्रालय, विभाग र जिल्ला हुलाक कार्यालयले निर्देशन गरेका कुराहरु पालना गर्नु पर्ने।
४. कुनै कारणले कर्मचारी अभाव भएमा धादिङ जिल्लाभित्रका अन्य पालिका हुलाकमा समेत गई कामकाज गर्नु पर्ने।

**ग. पेश गर्नुपर्ने कागजातहरुः-**

१. तोकिएको ढाँचामा ३ प्रति फोटो टाँस गरेको दरखास्त फाराम।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (स्थायी ठेगाना र नागरिकताको ठेगाना फरक भएमा बसाँईसराई वा विवाहदर्ताको प्रमाणपत्र)
३. आवश्यक न्यूनतम् शैक्षिक योग्यता तथा सो भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी। **(माथिल्लो शैक्षिक योग्यता भन्नाले SEE वा सो भन्दा माथिको शैक्षिक योग्यतालाई जनाउँछ।)**
४. वैदेशिक शैक्षिक योग्यताको हकमा समकक्षताको प्रमाणपत्रको प्रतिलिपी।

नारायण प्रसाद पोखरेल
हुलाक अधिकृत

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग

# जिल्ला हुलाक कार्यालय

धादिङ

५. दुई पाङ्ग्रे सवारी चालक अनुमती पत्रको प्रतिलिपी।
६. कम्तीमा ३ महिनाको आधारभुत कम्प्युटर तालिमको प्रमाणपत्रको प्रतिलिपी।
७. हुलाक सेवाको अनुभव सम्बन्धी प्रमाणित कागजात।
८. आदिवासी जनजाती, दलित जस्ता समावेशी समूहको उम्मेदवारहरुले जिल्ला प्रशासन कार्यालयबाट जारी भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

नोटः- पेश गरेको सम्पुर्ण कागजातहरुको प्रतिलितीको पछाडिपट्टी उम्मेदवार स्वयंले प्रमाणित गर्नु पर्नेछ। अन्तर्वाताको दिन प्रवेश पत्र र पेश गरिएका सम्पुर्ण कागजातहरुको सक्कल प्रमाणपत्र लिई उपस्थित हुनु पर्नेछ।

घ. छनौट विधी

| | | |
|---|---|---|
| १. पहिलो चरणः- प्रारम्भिक सूचि प्रकासन (सर्टलिस्ट) | अंकभारः- ६५ |
| २. दोश्रो चरणः- लिखित परीक्षा | अंकभारः- २० |
| ३. तेश्रो चरणः- अन्तर्वार्ता | अंकभारः- १५ |

अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारको सम्पुर्ण चरणमा प्राप्त गरेको अंक जोडिनेछ।

ङ. अन्य जानकारी

१. लिखित परिक्षा र अन्तर्वार्ताको मिति पछि प्रकाशन गरिनेछ।
२. दरखास्त दस्तुर रु २००।- (अक्षरुपी दुई सय रुपैया) कार्यालयको राजश्व खातामा जम्मा गरी सक्कल भौचर संलग्न गर्नु पर्नेछ।
३. दरखास्त फारम बुझाउने स्थानः- जिल्ला हुलाक कार्यालय, धादिङ।
४. लिखित परिक्षा हुने स्थान र मितिः- प्रारम्भिक सूचि प्रकाशन हुदाँको दिन लिखित परीक्षाको मिति र परीक्षा केन्द्र प्रकाशित गरिनेछ।
५. दरखास्त बुझाउने अन्तिम मितिः-२०८३।०६।१९ (अन्तिम दिन सार्वजनिक विदा भए सो को भोलिपल्ट)
६. तलव स्केलः- प्रचलित कानुन बमोजिम।
७. एक उम्मेदवारले एक मात्र स्थानीय तहको लागि आवेदन दिनु पर्नेछ।
८. आवेदन फाराम जिल्ला हुलाक कार्यालय धादिङबाट प्राप्त गर्न सकिनेछ। साथै कार्यालयको बेबसाइट **dhading.nepalpost.gov.np** बाट डाउनलोड गर्न पनि सकिनेछ।
९. करार अवधी बढीमा ३ महिनाको लागि हुनेछ। कार्य सम्पादन सन्तोषजनक भएमा म्याद थप गर्दै जान सकिनेछ।
१०. आवेदकको शैक्षिक योग्यता, कार्य अनुभव, अन्य योग्यता, बासिन्दाको आधार तथा समावेशिता वापतको अंकको आधारमा प्रत्येक पालिका हुलाकको माग संख्याको कम्तिमा तेब्बर संख्यामा सवैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुको प्रारम्भिक सूचि प्रकासन गरिनेछ। त्यस पश्चात् तपशिल बमोजिमको पाठ्यक्रम अनुसार लिखित परीक्षा (वस्तुगत) र अन्तर्वार्ताको आधारमा उम्मेदवार सिफारिस गरिनेछ।

तपशिल

| | | | |
|---|---|---|---|
| क | हुलाक सम्वन्धी ज्ञान, सामान्य ज्ञान र समसामयिक विषय | हुलाक ऐन, २०१९, हुलाक नियमावली, २०२०, हुलाक सेवा कार्यविधी निर्देशिका २०६३, नेपालमा हुलाक सेवाको इतिहास, हुलाक टिकट, हुलाकबाट हुने सेवा प्रवाह सम्वन्धी सामान्य जानकारी आदि। | २० अंक |

यस सम्वन्धी सूचना कार्यालयको सूचना पाटी र बेवसाइट **dhading.nepalpost.gov.np** मार्फत हेर्न सकिनेछ।

<u>यस सम्वन्धी कुनै समस्या भएमा सम्पर्क व्यक्ति,</u>

नाम, थरः- सञ्जय श्रेष्ठ
पदः- खरिदार
सम्पर्क मोवाइल नं.:- ९८५१४५७५१४

२०८२।०६।०५

नारायण प्रसाद पोखरेल
हुलाक अधिकृत